# मानव अधिकारपत्र

राष्ट्रिय मानव अधिकार आयोगको नियमित प्रकाशन

वर्ष ६ अङ्क १ वैशाख २०८०


## आयोगले गरेका सफारिसहरूको प्रभावकारी कार्यान्वयन विषयक समीक्षा कार्यक्रम सम्पन्न



*आयोगका पदाधिकारी, सचिव, कर्मचारी तथा नेपाल सरकारका मुख्य सचिवसहित विभिन्न मन्त्रालयका सचिवहरू*




*मुख्य सचिव शंकरदास बैरागीले आफ्नो धारणा राख्नु हुदै*

राष्ट्रिय मानव अधिकार आयोगले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको समन्वयमा २०७९ चैत १० र ११ गते धुलिखेलमा राष्ट्रिय मानव अधिकार आयोगले गरेका सिफारिसहरूको प्रभावकारी कार्यान्वयन विषयक समीक्षा कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा आयोग अनुसन्धान महाशाखाका प्रमुख श्यामबाबु काफ्लेले राष्ट्रिय मानव अधिकार आयोगका सिफारिसहरू, कार्यान्वयन अवस्था र चुनौती विषयक कार्यपत्र प्रस्तुतिकरण गर्नुभएको थियो । प्रस्तुतिकरणमा आयोग स्थापनादेखि २०७९ असार मसान्तसम्म गरिएका सिफारिस तथा कार्यान्वयनको अवस्था विषयगत रूपमा तथ्याङ्कसहित समावेश गरिएको थियो । नेपाल सरकारबाट भएका सकारात्मक पहल, आयोगबाट भएका पहल, कार्यान्वयनका चुनौती लगायतका पक्षलाई पनि उल्लेख गरिएको थियो । यसका अतिरिक्त चुनौती, समाधानका उपायहरू र आयोगको वर्तमान “क” श्रेणी कायम राख्न सम्बद्ध पक्षहरूले गर्नुपर्ने पहलका सम्बन्धमा पनि कार्यपत्रमा प्रकाश पारिएको थियो ।

त्यसै गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका तर्फबाट सहसचिव अरुणा जोशीले सिफारिस कार्यान्वयनमा सरकारले गरेका पहल र समस्या तथा चुनौतीका बारेमा प्रस्तुतिकरण गर्नुभएको थियो । प्रस्तुतिकरणमा आयोगसँगको सहकार्यमार्फत विश्लेषणको अभ्यासको सुरुवात भएको बताउँदै द्वन्द्वकालीन घटनाहरूको सम्बन्धमा गरिएका सिफारिसहरूलाई कार्यान्वयन गर्न केही चुनौतीहरू रहेको उल्लेख छ । यसको साथै कार्यपत्रमा आयोगको र सरकारको फरक तथ्याङ्क रहेको, विवरण अद्यावधिक नभएको, शान्ति तथा पुनःनिर्माण मन्त्रालयको खारेजीपछिको अभिलेखहरू व्यवस्थापनमा कठिनाइ रहेको विषय पनि समावेश गरिएका थिए ।

यसभित्र ........


- स्व. दयाराम परियारको १७ औं स्मृति ....... ३
- मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय ..... ४
- अपाङ्गता भएका व्यक्तिहरूको ....... ४
- प्रतिनिधिसभा सदस्य उपनिर्वाचनको ....... ६
- मानव अधिकार अवस्था विषयक छलफल ......६
- बालसुधार गृह अनुगमन .......६
- कारागार अनुगमन .....७
- एचआईभी एड्स सङ्क्रमित .....७
- वादी समुदायको मानव अधिकार ...... ८
- संयुक्त राष्ट्रसङ्घीय सीड कमिटिमा ......... ८
- आयोगको वेबसाइट तथा ........ १०
- आयोगको वार्षिक प्रतिवेदनको ढाँचा ........१०

सरोकारवाला निकायबीच समन्वयमा कमी, मानव अधिकार उच्च प्राथमिकताको मुद्दा बन्न नसकेको साथै सुधारका प्रयासहरूको सम्बन्धमा पनि कार्यपत्रमा उल्लेख गरिएको थियो ।



दुवै निकायको प्रस्तुतिकरणपछि छलफललाई अगाडि बढाइएको थियो । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव उद्धवकुमार खत्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रशासन सचिव धनराज ज्ञवाली, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव रामकृष्ण सुवेदी, परराष्ट्र मन्त्रालयका सचिव भरतराज पौडेल, गृह मन्त्रालयका सचिव विनोदप्रकाश सिंह, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव उदय सापकोटा, मुख्य सचिव शंकरदास वैरागीले आआफ्नो धारणा राख्नुभएको थियो । छलफलका क्रममा विषयगत मन्त्रालयहरूबाट सिफारिस कार्यान्वयनमा निर्वाह गरेको भूमिका र आगामी दिनहरूमा प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिइएको थियो । आयोगको श्रेणीका सम्बन्धमा समेत चर्चा भएको र क श्रेणीलाई यथास्थानमा राख्न नेपाल सरकारको तर्फबाट थप प्रयास गरिने प्रतिबद्धतासमेत जनाइएको थियो । कार्यक्रममा आफ्नो धारणा राख्दै आयोगका माननीय सदस्य मनोज दुवाडीले आयोगबाट गरिएका सिफारिसहरूमध्ये अन्तर्राष्ट्रिय सन्धिजन्य विषयमा गरिएका सिफारिसहरूमा समस्या देखिएको छैन । मौलिक हकसँग सम्बन्धित नीतिगत सिफारिसहरू र उजुरीगत आधारमा गरिएका सिफारिसहरूको कार्यान्वयनको स्थिति भने कमजोर रहेको छ । पीडितलाई उपलब्ध गराउनुपर्ने रकमको लागि एक छुट्टै कोषको व्यवस्था हुनुपर्नेमा उहाँले जोड दिनुभएको थियो । छलफलपश्चात् आयोगका अध्यक्ष तपबहादुर मगरले आफ्नो मन्तव्यसहित पहिलो दिनको कार्यक्रमको समापन गर्नुभएको थियो ।

सो कार्यक्रममा आयोगका पदाधिकारी, का.मु. सचिव तथा कर्मचारीहरू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका मुख्य सचिव, विषयगत सचिव र कर्मचारीहरूको सहभागिता रहेको थियो। यसको साथै परराष्ट्र मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्राल, गृहमन्त्रलाय, रक्षा, अर्थ, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सहसचिव/कर्मचारीको उपस्थिति थियो । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलका अधिकारी, महान्यायाधिवक्ता कार्यालयका सहमहान्यायाधिवक्ता र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमअन्तर्गत परियोजनाका कर्मचारीहरूको सहभागिता रहेको थियो ।

कार्य्रकमका सहभागीहरूले सिफारिसको प्रभावकारी कार्यान्वयनमा सम्बन्धित निकायहरूको दायित्व, भूमिका र प्रतिबद्धतामा जोड दिनुभएको थियो ।

सहभागीहरूले सङ्क्रमणकालीन न्यायिक प्रक्रियालाई शीघ्र टुङ्गोमा पुर्‍याउने, राष्ट्रिय संस्थालाई प्रभावकारी बनाउनुपर्ने, तालिम समस्याको पहिचान केन्द्रित हुनुपर्नेमा जोड दिनुभयो । राहत शीर्षकमा वितरण गरिएको रकमलाई पुनःव्याख्या गर्न जरुरी भएको, समन्वयमा भएका कमजोरीहरूलाई सुधार गर्नुपर्ने, शासनमा भएका सुधारहरूलाई अन्तर्राष्ट्रिय मञ्चहरूमा प्रभावकारी रूपबाट प्रस्तुत गर्नुपर्ने र क्षतिपूर्ति दिन बाँकी रकमको तथ्याङ्क निकाल्नुपर्नेजस्ता विषय महत्वका साथ उठाइएको थियो। पीडितहरूको विस्तृत विवरण लिन प्रयत्नरत रहनुपर्ने, परीक्षण (भेटिङ)-को विषयमा गम्भीर हुनुपर्ने, अन्य विषयगत आयोग र राष्ट्रिय मानव अधिकार आयोगबाट हुने सिफारिसहरूमा दोहोरोपन हुन नहुनेमा जोड दिइएको थियो । प्रत्येक दुई/दुई महिनामा समग्रतामा विषयको वर्गीकरण, कार्ययोजना निर्माण, कोषको लागि छुट्टै खाता सञ्चालन गर्न प्रयास, तथ्याङ्कलाई आधार बनाउनुपर्ने सहभागीहरूको भनाइ थियो । सङ्क्रमणकालीन न्यायलाईं टुङ्गोमा पुर्‍याउँन आयोगले राजनीतिक दलहरूसँग सार्थक पहल गर्नुपर्ने, सुरक्षा निकायहरूले गरेका आन्तरिक कारबाहीहरू सार्वजनिक गर्नुपर्ने सहभागीहरूको विचार रहेको थियो ।



कार्यक्रममा आयोगको तर्फबाट बोल्दै का.मु. सचिव मुरारिप्रसाद खरेलले सबै निकायहरूले आत्मसमीक्षा गर्नुपर्ने, आगामी दिनहरूमा अगाडि बढ्ने मार्गचित्र बनाउनुपर्नेमा जोड दिनुभयो । आयोगको सिफारिस कार्यान्वयन सरकारको दायित्वको विषय हो । अनुसन्धान, निर्णय र अभिलेख प्रणालीलाई समयसापेक्ष सुधार गर्नुपर्ने उहाँको भनाइ थियो । यस्तै मुद्दा चलाउने र नचलाउने विषय महान्यायाधिवक्ता कार्यालयको स्वेच्छिक विषय नभएको, यस्ता विषयमा राजनीतिक प्रभाव पर्न नहुने, कुनै कानुनी समस्या भए त्यसलाई फुकाउँनुपर्नेतर्फ उहाँले ध्यानाकर्षण गराउँनुभयो । व्यक्ति खराब हुनसक्ने तर संस्थालाई नै परीक्षण (भेटिङ) मा राख्ने अभ्यास गलत भएको र यस सम्बन्धमा आयोगमा प्राप्त उजुरीहरूमा आयोगले निष्पक्ष अनुसन्धान गर्ने उहाँको भनाइ थियो । आयोगमा दर्ता भइसकेका उजुरीहरूमाथि निष्कर्षमा पुग्नै पर्ने कानुनी

प्रावधानसमेत रहेको हुँदा तत्सम्बन्धी संयन्त्रहरूले हेर्ने भनी पन्छन र पन्छाउँन नमिल्ने उहाँको मत थियो ।

आयोगका माननीय सदस्य लिली थापाले नेपाल सरकार, विषगत मन्त्रालय तथा आयोग स्वयम्बाट प्रशस्त सकारात्मक कार्यहरू गरेको भए पनि प्रचार-प्रसार हुन नसक्नु साथै अभिलेख प्रणाली चुस्तदुरुस्त बनाउँन नसकिएको जस्ता समस्या विद्यमान रहेको बताउनु भयो । विकसित देशहरूमा पनि समस्यामुक्त नभएको भन्दै नेपालमा राम्रा नीति र योजनाहरू रहे पनि कार्यान्वयनमा चुनौती रहेको छ । प्रत्येक मन्त्रालयहरूमा मानव अधिकार कक्ष निर्माण हुनुपर्ने साथै आयोग र सरकारबीचको समन्वय प्रभावकारी हुनुपर्ने उहाँको जोड थियो ।

आयोगका माननीय सदस्य मिहिर ठाकुरले आयोगका निर्णयहरू विभिन्न तहगत प्रकियाहरू पूरा गरी अदालतकै जस्तो प्रमाण र सम्भाव्यताका सिद्धान्तहरूको आधारमा पनि हुने बताउनु भयो । आयोगको सिफारिस कार्यान्वयनमा सम्बद्ध सबैबीच सहकार्य र समन्वय रहेको र आइपर्ने चुनौतीहरूलाई पहिचान गरी समाधान गर्नुपर्ने उहाँको भनाइ थियो ।

आयोगका माननीय सदस्य डा. सूर्य ढुंगेलले सिफारिस कार्यान्वयनमा सबै पक्षबाट व्यक्त गरिएका प्रतिबद्धतालाई स्मरण गर्दै आपसमा भएका सूचनाहरू आदान-प्रदानबाट धेरै समस्याहरू समाधान हुनेमा जोड दिनुभयो । आयोगका सिफारिस कार्यान्वयनमा चुनौतीहरू रहेको, यस्ता विषयहरूलाई अन्तर्राष्ट्रिय मूल्यमान्यताको दृष्टिकोणबाट हेरिनुपर्ने, मौलिक हक कार्यान्वयनको लागि ऐन निर्माण भए पनि नियमावलीहरू बन्न नसक्दा चुनौती रहेको भन्दै राजनीतिक र प्रशासनिक नेतृत्व यसमा संवेदनशील हुनुपर्नेमा उहाँको जोड थियो । आयोगको आर्थिक स्वायत्ततालाई अर्थ मन्त्रालयले फरक ढङगले बुझ्नुपर्ने आवश्यकता रहेको उहाँको भनाइ थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै आयोगका माननीय अध्यक्ष श्री तपबहादुर मगरले मानव अधिकारका मुद्दामा अन्य विषयगत आयोगहरूसँग समन्वय र सहकार्य भैरहेको जानकारी गराउँदै आयोगको सिफारिस कार्यान्वयन हुनुपर्नेमा जोड दिनुभयो । आर्थिक रूपमा पीडितले क्षतिपूर्तिबापत प्राप्त रकम न्यून रहेको र यसलाई कार्यान्वयन गरेमात्रै पनि सकारात्मक सन्देश प्रवाह हुने उहाँको भनाइ थियो । यस महत्त्वपूर्ण कार्यक्रमलाई सफल बनाउन भूमिका निर्वाह गर्नुहुने सबैप्रति धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरूमा पनि साझा मुद्दामा साझा तरिकाबाट अगाडि बढ्न सकिने उहाँले जोड दिनुभयो ।

निष्कर्षमा कार्यक्रम उपलब्धिमूलक रहेको सहभागीहरूको भनाइ थियो । कार्यक्रमबाट पीडितले न्याय पाउँने, विधिको शासन कायम राख्न सकारात्मक सहयोग मिल्ने साथै आयोग र नेपाल सरकारको बीचमा हुने असमझदारीहरूमा कमी आउने अपेक्षा गरिएको छ । मानव अधिकारको विषय केवल राष्ट्रिय मानव अधिकार आयोगको मात्र नभई अन्तर्राष्ट्रिय चासो र सरोकारको विषय हो । आयोगको सिफारिस कार्यान्वयनलाई सर्वोच्च अदालतले समेत उच्च प्राथकितामा राखी विश्लेषण गरेको पृष्ठभूमिमा यसको कार्यान्वयनबाट देशकै प्रतिष्ठामा वृद्धि हुने सहभागिहरूको भनाइ स्मरणीय छ । विषयगत मन्त्रालयहरूको चासो र समझदारी, जिम्मेवार निकायहरूबाट प्राप्त भएका प्रतिबद्धताहरूले कार्यक्रमको औचित्यता पुष्टि भएको निष्कर्षमा पुग्न सकिन्छ । समीक्षात्मक कार्यक्रमहरू आवधिक रूपमा गरिनुपर्ने, पीडितको नाममा निकासा भएको रकम छुट्टै खातामा सञ्चित गरिने व्यवस्था हुनुपर्नेमा समन्वय हुनुपर्ने र सिफारिस कार्यान्वयनका संयन्त्रहरूबीच तथ्याङ्कका विषयमा एकरूपता ल्याउन निरन्तर छलफल र विश्लेषण हुनुपर्ने भन्ने प्रतिवेदनको सुझाव रहेको छ ।

## स्व. दयाराम परियारको १७ औं स्मृति दिवस




राष्ट्रिय मानव अधिकार आयोगका तत्कालीन जनकपुर सम्पर्क कार्यालयमा कार्यरत कर्मचारी दयाराम परियारको सुरक्षाकर्मीको गोली लागी मृत्यु भएको १७ औं स्मृतिको सन्दर्भमा आयोगले आज श्रद्धाञ्जली कार्यक्रमको आयोजना गरेको छ । परियारको जनआन्दोलन २०६२/६३ को क्रममा जनकपुरको जनक चोकमा २०६२ चैत १२ गते सुरक्षाकर्मीको गोली लागी उपचारको क्रममा काठमाडौंको त्रि.वि. शिक्षण अस्पताल महाराजगञ्जमा चैत १५ गते निधन भएको थियो ।

श्रद्धाञ्जली कार्यक्रममा बोल्दै स्व. दयाराम परियारका दाजु प्रकाशचन्द्र परियारले दयाराम परियारको निधनले मानव अधिकारको क्षेत्रमा क्रियाशील सिङ्गो समुदाय नै जोखिममा रहेको प्रतिबिम्बित गरेको र १७ वर्ष पुगिसक्दा समेत न्याय प्राप्त गर्न नसकेकोमा दुःख व्यक्त गर्नुभएको थियो । उहाँले उक्त घटनाका दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याउन आयोगको ध्यानाकर्षण गराउँदै आयोगका माननीय अध्यक्ष तपबहादुर मगरलाई नौ बुँदे ज्ञापनपत्र पेस गर्नुभएको थियो । सो क्रममा आयोगका माननीय अध्यक्ष मगरले उक्त घटनाप्रति दुःख व्यक्त गर्दै दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याउन आयोगले हरसम्भव प्रयास गर्ने बताउनुभयो ।

श्रद्धाञ्जली कार्यक्रममा आयोगका माननीय सदस्यहरू डा. सूर्यप्रसाद शर्मा ढुङ्गेल, लिली थापा, का.मु. सचिव मुरारिप्रसाद खरेल, सहसचिव डा. टीकाराम पोखरेलले स्व. दयाराम परियारको सम्बन्धमा आफ्ना भनाइ राख्नुभएको थियो । सो क्रममा आयोगका पदाधिकारी, कर्मचारी, दयाराम परियारका परिवार, आफन्त लगायत उपस्थित सहभागीहरूबाट स्व. दयाराम परियारको तस्वीरमा माल्यार्पण गर्नुका साथै एक मिनेट मौन धारण गरिएको थियो ।

## मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यन्वयन अवस्था विषयक अन्तरक्रिया

राष्ट्रिय मानव अधिकार आयोग वाग्मती प्रदेश कार्यालयले इन्सेक हेटौंडाको समन्वयमा २०७९ चैत २४ मा मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयन अवस्था विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानले जिल्लाका सवै पालिकाहरूमा शीघ्र रूपमा समिति निर्माणका लागि आफुले नेतृत्वदायी भूमिका निर्वाह गर्ने उल्लेख गर्नुभयो । एक महिनाभित्रमा सबै पालिकामा स्थानीय तह समन्वय समिति गठन गरी अनुगमन संयन्त्रलाई प्रभावकारी तुल्याउन आफू प्रतिबद्ध रहनेमा उहाँले जोड दिनुभयो ।




मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालका उपसचिव सुर्दशन ढकालले वाग्मती प्रदेश सरकार मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि लागिपर्ने प्रतिबद्धता जाहेर गर्नुभयो । प्रादेशिक रूपमा मन्त्रालयहरूले सम्पन्न गर्ने कार्यहरूलाई पाँचौं कार्ययोजनामा उल्लेख भएअनुरूप प्रभावकारी रूपमा कार्यान्वयन गर्दै लैजाने उहाँको भनाइ थियो। सरोकारवाला निकायसँग समन्वय र सहकार्य गरी समीक्षा गर्ने र सोही आधारमा थप प्रभावकारी रूपमा प्रदेशको मानव अधिकार संरक्षण र संवर्धनका लागि अगाडि बढ्नेमा उहाँले जोड दिनुभयो । यसको साथै उहाँले ११९ पालिकामा शीघ्र गतिमा समिति निर्माणका लागि पहल गर्ने एवम् यस कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि आयोग वाग्मती प्रदेश कार्यालयसँग समन्वय र सहकार्य गर्ने उहाँको भनाइ थियो ।

आयोग वाग्मती प्रदेश कार्यालयका निमित्त कार्यालय प्रमुख रेवा रेग्मीले वाग्मती प्रदेशको मानव अधिकार सुदृढीकरणका लागि प्रदेश सरकारको महत्त्वपूण भूमिका रहने हुँदा यसको लागि सरकारलाई सहयोग गर्न आयोग तयार रहेको उल्लेख गर्नुभयो । वाग्मती प्रदेशभित्र मानव अधिकार अनुगमन संयन्त्र निर्माण गरी प्रभावकारी कार्यान्वयनका लागि सहकार्य गर्न इन्सेक प्रतिबद्ध रहेको इन्सेकका वाग्मती प्रदेश संयोजक गणेश भण्डारीको भनाइ थियो । आयोगका मानव अधिकार सहायक लोकनाथ घिमिरेले वाग्मती प्रदेशका ११९ स्थानीय तहमध्ये मकवानपुरको राक्सीराङ, सिन्धुलीको फिक्कल, घ्यालेक, मरिण र तीनपाटन गाँउपालिकामा स्थानीय तह समन्वय समिति गठनसम्बन्धी कार्य अगाडि बढेको जानकारी गराउनुभयो ।

कार्यक्रममा बकैया गाउँपालिका अध्यक्ष, प्रदेश नीति योजना आयोग, आन्तरिक मामिला तथा कानुन मन्त्रालयका प्रतिनिधि, नेपाल बार एसोशिएसन मकवानपुरका अध्यक्ष, सञ्चारकर्मी र मानव अधिकारकर्मी गरी ४० जनाको सहभागिता रहेको थियो ।

## अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा पँहुचका अवरोध पहिचानसम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक

अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा पँहुचका अवरोध पहिचानसम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक भएको छ। आयोगको केन्द्रीय कार्यालय ललितपुर, वाग्मती प्रदेश कार्यालय हेटौंडा र कर्णाली प्रदेश कार्यालय सुर्खेतबाट २०७९ चैत १६ मा छुट्टाछुट्टै रूपमा सो प्रतिवेदन सार्वजनिक गरिएका हुन्।

**ललितपुर**/ आयोगको केन्द्रीय कार्यालय ललितपुरको आयोजना र राष्ट्रिय अपाङ्ग महासङ्घको समन्वयमा २०७९ चैत १६ मा सो प्रतिवेदन सार्वजनिक भएको हो। कार्यक्रममा बोल्दै आयोगका माननीय अध्यक्ष तपबहादुर मगरले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको विषयलाई आयोगले प्राथमिकतामा राखेर कार्य गरिरहेको बताउनुभयो । अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा पहुँचका लागि रहेका अवरोधहरूको समाधानका लागि सातै प्रदेशका सरकारलाई सिफारिस गरेको जानकारी गराउँनु भयो ।



कार्यक्रममा आफ्नो भनाइ राख्दै ललितपुर महानगरपालिका, सामाजिक विकास शाखाका शोभा खरेलले अपाङ्ग भएका व्यक्तिहरूको न्यायमा पहुँचका लागि सहायता कक्ष (हेल्प डेस्क) र दोभाषे व्यवस्था हरेक कार्यालयमा गरिनुपर्ने र यसका लागि आयोगले स्थानीय तहहरूलाई सचेतीकरण र सहजीकरण गर्नुपर्ने धारणा राख्नुभयो । आयोगका सहसचिव नवराज सापकोटाले प्रतिवेदनको सार प्रस्तुत गर्नुभएको थियो

। प्रतिवेदनमा रहेका सिफारिसका सवालहरूलाई सरोकारवाला समक्ष पुऱ्याउने र आगामी दिनमा यस्ता प्रकृतिका समस्याहरूलाई सम्बोधन गर्न सरकारलाई उत्तरदायी बनाउन सहयोग पुऱ्याउने उद्देश्य राखी कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा आयोगका माननीय सदस्यहरू, भक्तपुर महानगरपालिका उपमेयर, आयोगका का.मु. सचिव, वरिष्ठ प्रहरी उपरीक्षक (एस.एस.पी), राष्ट्रिय अपाङ्ग महासङ्घका पूर्व उपाध्यक्षलगायतले मन्तव्य राख्नुभएको थियो ।

आयोगका माननीय अध्यक्षको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा आयोगका माननीय सदस्य, भक्तपुर महानगरपालिका उपमेयर, वरिष्ठ प्रहरी उपरीक्षक, उपत्यका ट्राफिक कार्यालयका वरिष्ठ उपरीक्षकको सहभागिता रहेको थियो । यसका साथै जिल्ला प्रशासन कार्यालय ललितपुर र भक्तपुरका सहायक प्रमुख जिल्ला अधिकारी, उच्च अदालत, ललितपुर, ललितपुर महानगरपालिका, अपाङ्गताको क्षेत्रमा क्रियाशील सङ्घसंस्था, गैरसरकारी निकायका प्रमुख तथा प्रतिनिधिहरू र सञ्चारकर्मीहरूको सहभागीता रहेको थियो ।

**हेटौंडा**/यसै गरी आयोगको वाग्मती प्रदेश कार्यालय हेटौंडाले राष्ट्रिय अपाङ्ग महासङ्घ वाग्मती प्रदेश हेटौंडाको समन्वयमा २०७९ चैत १६ सो प्रतिवेदन सार्वजनिक गरेको थियो ।



कार्यक्रममा आयोग वाग्मती प्रदेश कार्यालयका प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारीले अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा पहुँचको अवरोध पहिचान विषयक कार्यपत्र पेस गर्नुभएको थियो । माननीय जिल्ला न्यायाधीश ऋषिराम निरौलाले आयोगले अध्ययनका क्रममा प्राप्त गरेका तथ्यलाई नेपाल सरकारले नीतिगत रूपमा समाधान गर्न आवश्यक पहल गर्नुकासाथै प्रदेश सरकार र स्थानीय सरकारले पनि त्यसतर्फ गम्भीर हुनुपर्ने बताउनुभयो ।

प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेले अध्ययनको क्रममा देखिएका समस्या समाधानमा यो प्रतिवेदन सरकारी निकायका लागि कोशेढुङ्गा सावित हुने उल्लेख गर्नुभयो । अपाङ्ता भएका व्यक्तिहरूको पहुँच विस्तारमा सबै निकायले सचेततापूर्वक आफ्ना गतिविधिहरू सञ्चालन गर्नुपर्नेमा उहाँको जोड थियो । गैसरकारी संस्था महासङ्घ मकवानपुरका अध्यक्ष रमिला सापकोटाले आयोगले हिमाल, पहाड र तराईका क्षेत्रलाई समेटी तयार गरिएको यस प्रतिनिधिमूलक अध्ययन प्रतिवेदनले धेरै समस्याहरूको पहिचान गरेको उल्लेख गर्नुभयो । समस्याको निराकरणतर्फ सरोकारवाला निकायले ध्यान दिन जरुरी रहेको उहाँको भनाइ थियो ।

राष्ट्रिय अपाङ्ग महासङ्घ वाग्मती प्रदेशका सभापति आश्विन लम्सालले अपाङ्गमैत्री संरचनाको अभावमा अपाङ्ता भएका व्यक्तिहरू आफ्नो अधिकार उपभोगमा समस्या देखिएको छ । स्थानीय, प्रदेश र सङ्घीय सरकारले उनीहरूको अधिकार संरक्षण र प्रवर्धनको लागि थप क्रियाशील हुनुपर्ने, कानुन तथा नीतिहरूको प्रभावकारी रूपमा अनुगमन मूल्याङ्कन गर्न आवश्यक सहजीकरणको लागि आयोगलाई आग्रह गर्नुभएको थियो ।

आयोगको वाग्मती प्रदेश कार्यालयका प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारीको अध्यक्षता र मकवानपुर जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश ऋषिराम निरौलाको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डे, गैसस महासङ्घ मकवानपुरका अध्यक्ष, राष्ट्रिय अपाङ् महासङ्घ वाग्मती प्रदेशका अध्यक्ष, वाग्मती प्रदेश प्रहरी कार्यालय, सामाजिक विकास मन्त्रालय लगायतका प्रमुख प्रतिनिधिलगायत ४० जनाको सहभागिता रहेको थियो ।

**सुर्खेत**/राष्ट्रिय मानव अधिकार आयोग र राष्ट्रिय अपाङ्ग महासङ्घले संयुक्त रूपमा सो अध्ययन प्रतिवेदन २०७९ चैत १६ मा कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय कृष्णबहादुर जि.सी.ले सो अध्ययन प्रतिवेदन सार्वजनिक गर्नुभएको हो ।



सो कार्यक्रममा कर्णाली प्रदेश सरकारका मुख्य न्यायधिवक्ता श्री नरबहादुर खड्का, प्रमुख जिल्ला अधिकारी श्री नारायण प्रसाद सापकोटा, उच्च सरकारी वकिल कार्यालयका प्रमुख श्री ज्ञानप्रसाद भुषाल र उच्चअदालत सुर्खेतका रजिष्टार श्री अर्जुनप्रसाद कोइराला अतिथि रहनुभएको थियो ।

सो अध्ययन प्रतिवेदनमा रहेका मुख्य विषयका सम्बन्धमा आयोग कर्णाली प्रदेश कार्यालय सुर्खेतका कार्यालय प्रमुख श्री लोकनाथ बास्तोलाले प्रस्तुति गर्नुभएको थियो । कार्यक्रममा कानुन कार्यान्वयन गर्ने निकाय र न्यायिक तथा अर्धन्यायिक निकायका प्रमुख तथा

प्रतिनीधिहरू गरी ५९ (महिला १५ र पुरुष ४४) जनाको सहभागिता रहेको थियो । कार्यक्रममा चार जना दलित समुदाय र चार जना अपाङ्गताको क्षेत्रमा कार्यरत व्यक्तिहरूको सहभागिता रहेको थियो ।

## प्रतिनिधिसभा सदस्य उपनिर्वाचनको क्रममा उम्मेदवारी दर्ताको अनुगमन

आयोग वाग्मती प्रदेश कार्यालय हेटौडा मकवानपुरबाट खटिएको टोलीले प्रतिनिधि सभा सदस्य उपनिर्वाचन २०७९ चितवन क्षेत्र नं २ को मानव अधिकार दृष्टिकोणबाट अनुगमन गरेको छ । मानव अधिकार अधिकृत कृष्णप्रसाद मिश्र र मानव अधिकार सहायक लोकनाथ घिमिरे संलग्न टोलीले २०७९ चैत २० अनुगमन गरेको थियो ।

अनुगमनका क्रममा दुई महिलासहित २४ जनाले उमेदवारी दर्ता गराएको पाइएको थियो । अनुगमनका क्रममा टोलीले मुख्य निर्वाचन अधिकृत माननीय जिल्ला न्यायधीश वासुदेव न्यौपाने, जिल्ला निर्वाचन अधिकृत भिमसेन कार्की, जिल्ला प्रहरी प्रमुख रामेश्वर कार्कीलगायतसँग भेटी समग्र निर्वाचनको क्रममा मानव अधिकारको अवस्थाको बारेमा छलफल गर्नुको साथै जानकारी लिएको थायो ।

## मानव अधिकार अवस्था विषयक छलफल



राष्ट्रिय मानव अधिकार आयोग कर्णाली प्रदेश कार्यालय सुर्खेतको आयोजनामा कालिकोटको सदरमुकाममा २०७९ चैत १७ मा जिल्लाको मानव अधिकार अवस्था विषयक छलफल कार्यक्रम सम्पन्न भएको छ । जिल्लाको समग्र मानव अधिकार अवस्थाको जानकारी लिने साथै नागरिक समाजसँग मानव अधिकार संरक्षण तथा संवर्धनको क्षेत्रमा सहकार्य गर्ने उद्देश्यका साथ सो कार्यक्रमको आयोजना गरिएको थियो ।

कार्यक्रमका सहभागीहरूले कालिकोटमा विशेष गरी बालविवाह, जातीय विभेद, विकास निर्माणको दुरावस्था, लैङ्गिक हिंसा, शिक्षा तथा स्वास्थ्यका सबाल र आयोगको भूमिका सम्बन्धमा धारणा राखेका थिए । जिल्लामा मानव अधिकार आयोगको पहुँचमा वृद्धि गरिनुपर्नेमा उनीहरूको जोड थियो । आयोग कर्णाली प्रदेश कार्यालय सुर्खेतका प्रमुख लोकनाथ बास्तोलाले सहभागीहरूले उठाएका विषयमा सम्बोधन गर्नुभएको थियो । कार्यक्रममा जिल्लास्थित नागरिक समाज, गैरसरकारी संस्थाका प्रतिनिधि, सञ्चारकर्मीहरू र सरकारी निकायका प्रतिनिधिसहित १९ (महिला पाँच र पुरुष १४) जनाको सहभागिता रहेको थियो ।




त्यसै गरी आयोग कर्णाली प्रदेश कार्यालय सुर्खेतका कार्यालय प्रमुखसहितको टोलीले कालिकोटमा नेपाल सरकारको पाँचौं मानव अधिकार राष्ट्रिय कार्ययोजनाअन्तर्गतका समन्वय समितिहरूको गठन र कार्यान्वयन अवस्थाका सम्बन्धमा छलफल गरेको छ । टोलीले जिल्ला समन्वय समितिका प्रमुख श्री धनजीतबहादुर शाही खाँडाचक्र नगरपालिकाका नगरप्रमुख श्री कमलबहादुर शाहीसँग छुट्टाछुट्टै छलफल गरेको हो ।

छलफलका क्रममा नेपाल सरकारको पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजनाको आफूलाई थाहा नभएको उहाँहरूको भनाइ थियो । अब यस सम्बन्धमा जानकारी भएको हुँदा समन्वय समिति गठन गरी कार्यान्वयनको पाटोमा लाग्ने र यसको लागि आयोगले सहजीकरण गरिदिनुपर्ने उहाँहरूको भनाइ थियो ।

## बालसुधार गृहको अनुगमन



राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालय, पोखराका कार्यालय प्रमुख मायादेवी शर्मा, मानव अधिकार अधिकृतद्वय मोहन काफ्ले र टंकप्रसाद खनाल सम्मिलित टोलीले कास्कीको साराङकोटमा रहेको बालसुधार गृहको २०७९ चैत्र २२ गते अनुगमन सम्पन्न गरेको छ ।

अनुगमनको क्रममा बालसुधार गृह नेपाल सरकारको लागि न्यूनतम सुविधाविहीन बालबालिकाका लागि शैक्षिक (यूसेप) नेपालको व्यवस्थापनमा सञ्चालनमा रहेको पाइयो । टोलीले बालसुधार गृहका इन्चार्ज अजय थापा क्षेत्री र सुधार गृहभित्र सञ्चालित विद्यालयका प्रधानाध्यापक र शिक्षक एवम् त्यहाँ आश्रित बालकहरूसँग छलफल गरेको थियो । अनुगमनका क्रममा सुधारगृहको भवन नयाँ रहेको, ५० जनाको क्षमता रहेकोमा हाल ९० जना बालकहरू रहेको, पर्याप्त बजेटको अभावमा खानबस्न लगायतका समस्या रहेको पाइयो । बालसुधार गृह बजार क्षेत्रभन्दा टाढा रहेको कार्यालयको सवारी साधन नहुँदा स्वास्थ्य उपचारमा लैजान कठिनाइ, पानीको समस्याको कारण शौचालय सरसफाइमा समस्या देखिएको छ । माध्यमिक तहसम्म रहेको विद्यालयमा दुई जना शिक्षकले सबै विषय अध्यापन गराउनुपर्दा, १८ वर्षमुनिका बालक र १८ वर्षमाथिका वयस्कहरूसँगै राख्नुपरेको अवस्था छ । वयस्कहरूका लागि सीपमूलक र आयआर्जन तालिम उपलब्ध गराउँन सकेको पाइएन । मनोरञ्जनका लागि टि.भी., क्यारम बोर्ड, टेबल टेनिस, भलिबल, फुटबल मैदानसाथै योग, ध्यानका लागि छुट्टै हलसमेत रहेको पाइयो ।

## कारागार अनुगमन



आयोग, गण्डकी प्रदेश कार्यालय, पोखरा कार्यालय प्रमुख माया देवी शर्मा एवं मानव अधिकार अधिकृतद्वय खिमलाल सुवेदी र मोहन काफ्ले सम्मिलित टोलीले कास्की जिल्ला कारागारका २०७९ फागुन ३ गते अनुगमन सम्पन्न गरेको छ । अनुगमनका क्रममा टोलीले कारागार प्रशासक भीमराज कोइराला, महिला र पुरुष ब्लकतर्फ कैदी तथा बन्दीहरूसँग छलफल गरेको थियो । विशेषतः महिलातर्फको कारागार भवन पुरानो र जीर्ण अवस्थामा रहेको, कारागारको क्षमताभन्दा बढीको सङ्ख्यामा कैदी, बन्दी राखिएको पाइयो । पुरुष ब्लकतर्फ खेलकूद र मनोरञ्जनका साधनहरू पर्याप्त रहेता पनि महिला ब्लकतर्फ सो सुविधा रहेको पाइएन । जम्मा चार सय २० जनाको क्षमता (महिला २० र पुरुष ४००) रहेकोमा हाल ७६१ जना (महिला ४५ र पुरुष ७१६) राखिएकोले बस्न, खानलगायतका सुविधामा समस्या रहेको पाइयो ।

महिला कारागारतर्फ जोन्ता क्लबको समन्वयमा स्यानिटरी प्याड भेन्डिङ मेशिन राखी अल्पकालीन व्यवस्था गरिए पनि सरकारी बजेटमा व्यवस्थापन नहुँदा उपचारबाट वञ्चित हुनुपर्ने अवस्था रहेको पाइयो । परम्परागतबाहेक समयसापेक्ष दिइनुपर्ने सीपमूलक तालिमको व्यवस्था गरिएको पाइएन । कैदीबन्दीका आश्रित बालबालिकाका लागि झोलुङ्गो र पौष्टिक आहारको अभाव रहेको पाइयो । राष्ट्रिय बाल अधिकार परिषद र एसओएस र दिदिबहिनी संस्थासँग समन्वय गरी झोलुङ्गो र केही समयका लागि पौष्टिक आहारको व्यवस्थापन र कोशिस नेपालसँगको समन्वयमा सकारात्मक सोंचसम्बन्धी चेतनामूलक कार्यक्रम चलाएको पाइएको छ ।

## एचआईभी एड्स सङ्क्रमित व्यक्तिको मानव अधिकार अवस्था



राष्ट्रिय मानव अधिकार आयोगले एचआईभी एड्स सङ्क्रमित व्यक्तिको मानव अधिकार अवस्थाको स्थलगत अनुगमन गरेको छ । आयोगको अनुगमन टोलीले २०७९ चैत १३ देखि १९ सम्म सुदुरपश्चिम प्रदेशको अछाम, डोटी, डडेल्धुरा, कैलाली र लुम्बिनी प्रदेशको कपिलवस्तु, रूपन्देही र नवलपरासी पश्चिम् जिल्लामा अनुगमन गरेको हो ।

अनुगमन टोलीले २०७९ चैत १३–१९ सम्म सुदुरपश्चिम प्रदेशको अछाम, डोटी, डडेल्धुरा, कैलाली र चैत २२–२५ सम्म लुम्बिनी प्रदेशका कपिलवस्तु, रूपन्देही र नवलपरासी पश्चिम जिल्लामा अनुगमन गरेको छ । अनुगमनका क्रममा अनुगमन टोलीले एड्स सङ्क्रमित व्यक्तिसँग अन्तरवार्ता, लक्षित समुदायका व्यक्तिहरूसँग कुराकानी गर्नुको साथै ए.आर.टी.सेन्टर, सामुदायिक स्याहार केन्द्रको अवलोकन गरेको छ । यसको साथै अस्पताल, स्थानीय, प्रदेश र सङ्घीय सरकारले उपलब्ध गराउँदै आएको सेवासुविधाबारे सम्बन्धित निकायबाट जानकारी लिएको छ ।

अनुमनका क्रममा आयोगले सुदुरपश्चिम प्रदेश र लुम्बिनी प्रदेशका सरोकारवाला सरकारी निकाय, अस्पताल, सङ्क्रमित व्यक्ति, सरोकार सङ्घसंस्थासँग प्रादेशिक अन्तरक्रियासमेत गरेको छ । आयोगका का.मु.



सचिव मुरारिप्रसाद खरेलको अध्यक्षता भएको दुवै प्रादेशिक अन्तरक्रियामा सहभागी वक्ताहरूले एचआईभी सङ्क्रमितको मानव अधिकार संरक्षण सवालमा राज्य निकाय तथा सबै सरोकारवालाहरू थप सक्रिय हुनुपर्ने धारणा राखेका छन् ।

धनगढीमा आयोजित सुदुरपश्चिमस्तरीय अन्तरक्रिया कार्यक्रममा सुदुरपश्चिम प्रदेश सभाका सभामुख भीमबहादुर भण्डारीले आयोगले सङ्क्रमितको समस्याका विषयहरू उठानसँगै समाधानको उपाय पनि औल्याएकोमा धन्यवाद प्रकट गर्नुभयो । एड्स सङ्क्रमित व्यक्तिको मानव अधिकार प्रत्याभूतिका लागि राज्यका सबै निकाय थप प्रभावकारी हुनुपर्ने उहाँको भनाइ थियो ।

भैरहवामा आयोजित लुम्बिनी प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रममा लुम्बिनी प्रदेश सभाका सभामुख तुलाराम घर्ती मगरले एड्स सङ्क्रमित व्यक्तिको मानव अधिकार संरक्षणमा नीतिगत समस्या नरहेको बताउँदै कार्यान्वयन प्रभावकारी नहुँदा उहाँहरूको मानव अधिकार जोखिममा पर्ने अवस्था रहेको बताउनु भयो । सङ्क्रमित व्यक्तिको अधिकारका लागि स्थानीय तह र प्रदेश सरकारी निकाय थप क्रियाशील र प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो । आयोगले सङ्क्रमितको अधिकारको लागि लिएको पहललाई थप प्रभावकारी बनाउँन सुझाव दिनुभयो ।

कार्यक्रममा मायादेवी गाउपालिकाका अध्यक्ष ध्रुवनारायण चौधरी, रोहिणी गाउपालिकाका अध्यक्ष विद्या यादव, सिद्धार्थनगर नगरपालिका प्रमुख उमा अधिकारीले सङ्क्रमितको मानव अधिकारका लागि तीन तहको सरकारको आपसमा समन्वयमा कार्यसम्पादन हुन आवश्यक रहेको बताउनुभयो । लुम्बिनी प्रदेश सामाजिक विकास मन्त्रालयका सचिव कृष्णप्रसाद पन्थीले सङ्क्रमितको मानव अधिकारको विषय प्रदेश स्वास्थ्य नीतिमा समावेश गर्न पहल लिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रमका अध्यक्ष आयोगका का.मु. सचिव मुरारिप्रसाद खरेलले एड्स सङ्क्रमितको मानव अधिकारको विषय ओझेलमा पारिएको हुँदा यसतर्फ सरकारी निकाय जागरुक हुनुपर्नेमा जोड दिनुभयो । सङ्क्रमितको मानव अधिकार संरक्षणमा सरकार संवेदनशील बन्न सकेमा र सरोकारवालाहरू थप सक्रिय भएर अगाडि बढेमात्रै दिगो विकासको लक्ष्यअनुसार सन् २०३० सम्म लक्ष्य हासिल गर्न सकिनेतर्फ ध्यान जानुपर्ने उहाँको भनाइ थियो ।

दुबै प्रादेशिक अन्तरक्रियामा सङ्क्रमित तथा सरोकारवालाहरूले अस्पतालहरूमा अझै पनि सङ्क्रमितले सल्यक्रियाको लागि अवरोध व्यहोर्नुपरेको, ए.आर.टी सेन्टरहरू अव्यवस्थित ठाउँमा रहेका छन् । भारत श्रम गर्न जाने सङ्क्रमितले भारतमा औषधी सहज रूपमा नपाउने अवस्था छ । सङ्क्रमितको परीक्षण, पहिचान, औषधीलगायतका समस्यालाई सम्बोधन गर्न सम्बन्धित संस्था, सङ्घ, प्रदेश र स्थानीय सरकारले ध्यान दिन आवश्यक छ ।

दुबै प्रादेशिक अन्तरक्रिया कार्यक्रममा स्थलगत अनुगमनपश्चात् प्राप्त तथ्यको विषयमा उपसचिव बुद्धनारायण साहनी केवटले प्रस्तुति राख्नुभएको थियो । आयोगको प्रारम्भिक अनुगमनबाट भारत श्रम गर्न जाने नेपाली श्रमिक, परिवार, यौनकर्मी, यौनकर्मीका ग्राहक, लङ्गैगिक अल्पसङ्ख्यक बढी जोखिममा रहेको पाइएको छ । औषधी सेवन गर्दागर्दै छोड्ने, सम्पर्कविहीन हुनेहरू पनि उल्लेख्य सङ्ख्यामा पाइएको छ ।

## वादी समुदायको मानव अधिकार अवस्था, चुनौती र सरोकारवालाको भूमिका विषयक कार्यशाला



राष्ट्रिय मानव अधिकार आयोगको आयोजना तथा कमिट नेपालको सहकार्य तथा समन्वयमा २०७९ चैत १७ मा “वादी समुदायको मानव अधिकार अवस्था, चुनौती र सरोकारवालाको भूमिका विषयक कार्यशाला” काठमाडौँमा सम्पन्न भएको छ । आयोगका माननीय सदस्य डा.सूर्यप्रसाद शर्मा ढुंगेलले अध्यक्षता गर्नुभएको सो कार्यक्रममा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री मा.अमनलाल मोदी प्रमुख अतिथि रहनुभएको थियो । कार्यक्रमा राष्ट्रिय दलित आयोगका माननीय अध्यक्ष, प्रतिनिधि सभाका माननीय सदस्य, लुम्बिनी प्रदेश सभाका माननीय सदस्य, नेपाल सरकारका पूर्वसचिव, गृह, न्याय तथा संसदीय मामिला,



भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणलगायतका मन्त्रालय तथा विभिन्न आयोग, नेपाल प्रहरीका प्रतिनिधिहरूको समेत उपस्थिति रहेको थियो । सामाजिक अभियन्ता, गैरसरकारी संस्था महासङ्घका अध्यक्ष, दलित गैरसरकारी संस्था महासङ्घ, नागरिक समाजका प्रमुख/प्रतिनिधि, दलित अधिकारकर्मी तथा सञ्चारकमीको उपस्थिति रहेको थियो । कमिट नेपालका अध्यक्ष प्रकाश वादी नेपालीले स्वागत मन्तव्य तथा कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो ।

कार्यक्रममा वादी समुदायको मानव अधिकार अवस्था विषयमा राष्ट्रिय मानव अधिकार आयोगका सहसचिव नवराज सापकोटाले र वादी समुदायका लागि सरकारबाट भए गरेका कामको बारेमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रलायका शाखा अधिकृत सुधा रेग्मीले प्रस्तुतिकरण गर्नुभएको थियो । प्रस्तुतीमाथि राष्ट्रिय वादी सञ्जालका अध्यक्ष केशव वादी नेपाली र एक्सन एण्ड इम्प्यक्टका नीतु पोखरेलले टिप्पणी गर्नुभएको थियो ।

कार्यक्रमा वादी समुदायको पहिचान, नागरिकता प्राप्ति, भूमि अधिकार, सामाजिक सुरक्षा, शिक्षामा पहुँचको कमी, छुवाछूत तथा जातीय भेदभाव, यौनशोषणजस्ता विषयमा छलफल भएको थियो । सम्मानित सर्वोच्च अदालतबाट भएका आदेश तथा नेपाल सरकारले वादीसँग विभिन्न समयमा गरेका सम्झौता कार्यान्वयन नभएको लगायतका विषयलाई पनि गम्भीर रूपमा उठाइएको थियो । कार्यशालाबाट प्राप्त सुझावका आधारमा आयोगले प्रतिवेदन तयार गरी वादी समुदायको मानव अधिकार संरक्षण र संवर्धनका लागि संवद्ध पक्षलाई सुझाव तथा सिफारिस गर्ने निष्कर्षसहित कार्यक्रम समापन भएको छ ।

## संयुक्त राष्ट्रसङ्घीय सीड कमिटिमा पेस गर्ने प्रतिवेदन तयारी सम्बन्धमा परामर्श तथा अन्तरक्रिया



आयोगले संयुक्त राष्ट्रसङ्घीय सीड कमिटिमा पेस गर्ने प्रतिवेदन तयारी सम्बन्धमा सुदूरपश्चिम प्रदेशको धनगढीमा प्रदेशस्तरीय परामर्श तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । आयोगका माननीय सदस्य मनोज दुवाडीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सुदुरपश्चिम प्रदेश प्रमुख माननीय देवराज जोशीले प्रमुख अतिथि रहनुभएको थियो । कार्यक्रममा आयोगका माननीय सदस्य लीली थापा लैङ्गिक सशक्तिकरण तथा सामाजिक समावेशीकरण महाशाखा प्रमुख नीतु गर्तौला, मानव अधिकार अधिकृत, रेगम महर्जन, राष्ट्रिय महिला आयोगका माननीय सदस्य सावित्रा शर्मा र सचिव कमल बहादुर राज लावतीको सहभागीता रहेको थियो । प्रदेशबाट विषयगत मन्त्रालयका प्रतिनिधि साथै महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्ने सङ्घसंस्थाको सहभागीतामा कार्यक्रम सम्पन्न भएको थियो । अन्तरक्रिया कार्यक्रममा नेपालले पेस गरेको छैटौं आवधिक प्रतिवेदनउपर संयुक्त राष्ट्रसङ्घीय सीड कमिटीले गरेका सिफारिसको कार्यान्वयन अवस्थाको बारेमा छलफल गरिएको थियो ।

## व्यावसाय र मानव अधिकारका सवालमा राष्ट्रिय मानव अधिकार आयोगको भूमिका विषयक छलफल



आयोगमा मानव अधिकारका समसामयिक विषयवस्तुबारे आपसमा अनुभव आदानप्रदान, क्षमता अभिवृद्धि आदि पक्षलाई ध्यानमा राखी आन्तरिक र बाह्य विज्ञहरूको प्रस्तुतिकरणमार्फत बहस/छलफलजस्ता कार्यक्रम सम्पादन हुँदै आएको छ । यसै सन्दर्भमा २०७९/१२/१० गते युएनडीपीका पोर्टफोलियो म्यानेजर टेक टमाटाले व्यवसाय र मानव अधिकार तथा राष्ट्रिय मानव अधिकार आयोगको भूमिका विषयमा प्रस्तुतिकरण राख्नुभएको थियो । प्रस्तुतिकरणमा व्यवसाय र मानव अधिकारका विविध आयामहरू, मानव अधिकारमा पर्ने प्रभाव, अनुगमन, अनुसन्धान र सम्बन्धित पक्षलाई जवाफदेही बनाउँन आयोगको भूमिका आदि विषय समावेश गरिएका थिए ।

व्यवसाय र मानव अधिकारको अवधारणा, विकासक्रम, व्यवसाय र मानव अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सिद्धान्त, २०११ का मूलभूत प्रावधानहरूमाथि छलफल भएको थियो । मुख्य विभिन्न देशहरूका मानव अधिकार आयोगहरूले यस विषयमा निर्वाह गरेको भूमिका, व्यावसायिक सङ्घसंस्था र राज्यको दायित्व सम्बन्धमा पनि चर्चा गरिएको थियो । व्यावसायजन्य क्रियाकलापहरूले मानव अधिकारको उपभोगमा प्रत्यक्ष वा परोक्ष रूपमा पार्ने तत्कालीन र दीर्घकालीन प्रभाव र असरहरूको बारेमा सचेत र सजग रही सरोकारवालाहरूले आफ्नो नीति, योजना र बजेटहरूमार्फत यस मुद्दालाई सम्बोधन गर्नुपर्ने आवश्यकतामा जोड दिइएको थियो । व्यावसाय र मानव अधिकारका क्षेत्रमा सचेतना जगाउन, स्रोतसाधनको पर्याप्त र सक्षमता अभिवृद्धि साथै अनुगमन, अनुसन्धान गर्न र आयोगको सिफारिस कार्यान्वयनमा पहलको आवश्यकता बारेमा पनि छलफल गरिएको थियो ।

कार्यक्रममा आयोगका माननीय सदस्य श्री मिहिर ठाकुर, हङ्कङ विश्वविधालयका सहप्राध्यापक श्री पुष्पा पोखरेल, का.मु. सचिव लगायत केन्द्रीय कार्यालयका कर्मचारीहरू (४८ जना) को सहभागिता रहेको थियो । प्रदेश तथा प्रदेश शाखा कार्यालयबाट विद्युतीय (भर्चूअल) विधिबाट कर्मचारीहरूको सहभागिता जनाउँनु भएको थियो ।

## आयोगको वेबसाइट तथा सामाजिक सञ्जाल व्यवस्थापन सम्बन्धमा छलफल



आयोग केन्द्रीय कार्यालय, समन्वय विभागअन्तर्गत सूचना, सञ्चार प्रविधि, प्रतिवेदन, प्राज्ञिक अनुसन्धान तथा प्रकाशन महाशाखाको आयोजनामा आयोगको वेबसाइट तथा सामाजिक सञ्जाल व्यवस्थापन र आयोगको पहुँच अभिवृद्धिकरण सम्बन्धमा २०७९ चैत १३ गते आयोगको सभाहलमा छलफल सम्पन्न भएको छ। छलफलको क्रममा आयोगको वेबसाइट नियमित अद्यावधिक गर्ने कार्यमा प्राथमिकता दिनुपर्ने, सूचना तथा जानकारी लिने दृष्टिकोणबाट वेबसाइट सहज र सरल बनाउनुपर्ने, वेबसाइट तथा सामाजिक सञ्जालमा राखिने विषयवस्तुको तयारी तथा सम्पादनको लागि छुट्टै समूह निर्माण गरी चुस्त र व्यवस्थित गर्नुपर्ने लगायतका विषय उठाइएको थियो। त्यस्तै, मानव अधिकारपत्रको तयारी तथा प्रकाशन सम्बन्धमा छलफल भएको थियो। सो क्रममा मानव अधिकारलाई थप व्यवस्थित र आयोगका सबै गतिविधिहरू समेट्न सकेमा आयोगको काम,कारबाहीमा थप पारदर्शिता आउने सहभागीहरूको निष्कर्ष रहेको थियो । समाचारमा राखिने विषयवस्तुमा एकरूपता ल्याउन र समयमै प्रकाशन गर्न सकेमा मानव अधिकारपत्रको प्रभावकारितामा वृद्धि हुने सहभागीहरूको भनाइ थियो।

आयोगको वेबसाइट, सामाजिक सञ्जाललाई प्रभावकारी र व्यवस्थित बनाउनको लागि चाल्नुपर्ने कदमहरू, पहुँच बिस्तारमा अभिवृद्धि गर्न सहयोगको लागि सुझाव लिनु मुख्य उद्देश्य रहेको थियो। यसका साथै, मानव अधिकारपत्रमा समावेश गर्नुपर्ने विषय, समयमै समाचारहरू उपलब्ध हुने वातावरणको निर्माण, आयोगको सामाजिक सञ्जाल सञ्चालन प्रणाली (Social Media Handling system) लाई व्यवस्थित र प्रभावकारी बनाउन सहयोग पुगोस् भन्ने कार्यक्रमको उद्देष्य थियो।

छलफलको क्रममा मानव अधिकार अधिकृत दुर्गा पोखरेलले आयोगको वेबसाइट तथा सामाजिक सञ्जालको व्यवस्थापन सम्बन्धमा प्रस्तुतिकरण गर्नुभएको थियो।

आयोगको सहसचिव सम्झना शर्माले स्वागत तथा कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो । छलफलमा आयोगका का.मु.सचिव मुरारिप्रसाद खरेल, सहसचिव, उपसचिव, अधिकृतहरूको सहभागिता रहेको थियो। केन्द्रीय कार्यालयबाट भौतिक रूपमा एवम् प्रदेश तथा प्रदेश शाखा कार्यालयहरूबाट विद्युतीय (भर्चुअल) माध्यमबाट सहभागिता रहेको थियो।

## आयोगको वार्षिक प्रतिवेदनको ढाँचा र समावेश विषयक छलफल कार्यक्रम



आयोग केन्द्रीय कार्यालय, समन्वय विभागअन्तर्गत सूचना, सञ्चार प्रविधि, प्रतिवेदन, प्राज्ञिक अनुसन्धान तथा प्रकाशन महाशाखाको आयोजनामा २०७९ चैत २७ मा आयोगको वार्षिक प्रतिवेदनको ढाँचा र समावेश गरिनुपर्ने विषयमा छलफल कार्यक्रम आयोजना गरिएको थियो । छलफलको लागि मानव अधिकार अधिकृत कैलाशकुमार सिवाकोटीले वार्षिक प्रतिवेदनको ढाँचा र विषय वस्तुमा केन्द्रित रही प्रस्तुतिकरण गर्नुभएको थियो। प्रस्तुतीमा आयोगको वार्षिक प्रतिवेदनमा समावेशका विषय, मानव अधिकार अवस्था, अनुसूची खण्डलाई कसरी समावेश गर्नेजस्ता विषय समावेश गरिएको थियो।

त्यसै गरी मासिक प्रतिवेदनलाई थप व्यवस्थित र जानकारीमूलक बनाउँने सम्बन्धमा आयोगका उपसचिव चन्द्रकान्त चापगाईंको प्रस्तुती रहेको थियो। छलफलमा आयोगका का.मु.सचिव मुरारिप्रसाद खरेल, सहसचिवहरू, उपसचिव, अधिकृतहरूले आआफ्नो धारणा राख्नुभएको थियो । कार्यक्रमको निष्कर्षसहित विभाग र महाशाखाका आगामी कार्यक्रमको बारेमा सहसचिव सम्झना शर्माले प्रकाश पार्नुभएको थियो । केन्द्रीय कार्यालयबाट भौतिक रूपमा एवम् प्रदेश तथा प्रदेश शाखा कार्यालयहरूबाट विद्युतीय (भर्चुअल) माध्यमबाट सहभागिता रहेको थियो।

**"परिवर्तन आवश्यक र सम्भव पनि छ तर शुरुआत आफैंबाट हुनु जरुरी छ ।"**

**संकलन/सम्पादन मण्डल**

कैलाशकुमार सिवाकोटी
दुर्गा पोखरेल
पवन भण्डारी